हिमालय कलेज अफ इन्जिनियरिङ्ग

# स्वतन्त्र विद्यार्थी परिषद् निर्वाचन सम्बन्धी निर्देशिका, २०८१

पारित मिति : २०८१/११/१८

(कलेज व्यवस्थापन समितिको बैठकको निर्णयबाट)

HIMALAYA COLLEGE OF ENGINEERING H C E T U Kathmandu

2081-11-21

हिमालय कलेज अफ इन्जिनियरिङ्गको

## स्वतन्त्र विद्यार्थी परिषद् निर्वाचन सम्बन्धी निर्देशिका - २०८१

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले जारी गरेको "स्वतन्त्र विद्यार्थी परिषद निर्वाचनसम्बन्धी निर्देशिका, २०८१" को आधारमा यस हिमालय कलेज अफ इन्जिनियरिङ्गको स्वतन्त्र विद्यार्थी परिषद्को निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सञ्चालन गर्न हिमालय कलेज व्यवस्थापन समितिको निर्णयानुसार **स्वतन्त्र विद्यार्थी परिषद् निर्वाचन सम्बन्धी निर्देशिका - २०८१** जारी गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

**क**) यो निर्देशिकाहरुको नाम "**स्वतन्त्र विद्यार्थी परिषद् निर्वाचन सम्बन्धी निर्देशिका - २०८१**" रहेको छ ।

**ख**) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

**क**) "कलेज" भन्नाले हिमालय कलेज अफ इन्जिनियरिङ्ग सम्झनु पर्छ ।

**ख**) "निर्वाचन समिति" भन्नाले हिमालय कलेज अफ इन्जिनियरिङ्गको स्वतन्त्र विद्यार्थी परिषद्को निर्वाचन समिति सम्झनु पर्छ ।

### ३. स्वतन्त्र विद्यार्थी परिषद् निर्वाचन समिति

**क**) स्वतन्त्र विद्यार्थी परिषद्को निर्वाचनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कलेजमा कलेज प्रमुखले ५ सदस्यीय स्व.वि.प. निर्वाचन समिति गठन गर्नेछन् ।

**ख**) उक्त स्वतन्त्र विद्यार्थी परिषद् निर्वाचन समितिको काम, कर्तव्य, अधिकार देहायबमोजिम हुनेछ ।

- स्वतन्त्र विद्यार्थी परिषद् निर्वाचन तालिका प्रकाशन र कार्यान्वयन गर्ने ।
- मतदाता नामावली प्रकाशन गर्ने ।
- स्व.वि.प. निर्वाचन गर्ने दिन निर्वाचनसम्बन्धी क्रियाकलापलाई व्यवस्थित गर्न सम्बन्धित कलेजमा प्रचार प्रसार अवधि, सामग्री, मतदान सुरु हुने र बन्द हुने समय, मतदाता परिचयपत्र लगायतका कार्यहरूको सम्वन्धमा सूचना जारी गर्ने ।
- निर्वाचन गराउने ।
- मतगणना गर्ने र विजयी उम्मेदवारहरूले पाएको मतको सख्याँ समेत उल्लेख गरी परिणाम घोषणा गर्ने, प्रमाणपत्र प्रदान गर्ने र निर्धारित समयमा सपथ ग्रहण गराउने ।

HIMALAYA COLLEGE OF ENGINEERING Kathmandu

## ४. मतदाता नामावली र उम्मेदवारको योग्यता सम्बन्धी व्यवस्था :

**क**) यस हिमालय कलेज अफ इन्जिनियरिङ्गमा स्नातक तहको सबै कार्यक्रममा भर्ना भएका नियमित विद्यार्थीहरुको नामावली समावेश गरी तोकिएको कार्यतालिका बमोजिम स्व.वि.प. निर्वाचन समितिले मतदाता नामावली प्रकाशन गर्नेछ ।

**ख**) कुनै पनि तहको अन्तिम सेमेस्टर वा अन्तिम वर्षको सैद्धान्तिक परीक्षा दिइसकेका विद्यार्थीहरु निर्वाचनको कुनै पनि प्रकृयामा सहभागी हुन पाउने छैनन् ।

**ग**) मतदाता नामावली संघ, संगठनलाई एक सेट उपलब्ध गराउनु पर्नेछ ।

## ५. उम्मेदवार मनोनयन सम्बन्धी व्यवस्था

**क**) स्व.वि.प. निर्वाचन समितिले तोकेको मिति र समय भित्र संघ, संगठन, संयुक्त प्यानलले निर्वाचन प्रक्रियाको लागि कलेजमा नाम दर्ता गराउनुपर्नेछ । तोकेको मिति र समयभित्र दर्ता नभएका संघ, संगठन उम्मेदवारीलाई सो प्रयोजनका लागि मान्यता दिइने छैन ।

**ख**) विद्यार्थीहरूले प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने पदको लागि संघ, संगठन, संयुक्त प्यानल वा स्वतन्त्र रूपमा निर्वाचनमा उम्मेदवारी दिन सक्ने छन् । मतपत्र तयार पार्दा सहमतिको आधारमा समूहगत/सङ्गठनात्मक रूपमा तयार पार्न सकिनेछ । मतपत्रमा संघ, संगठन वा संयुक्त प्यानलको नाम राख्दा गोलाप्रथा अनुसार राखिनेछ । समूहगत रूपमा निर्वाचनमा भाग लिन चाहनेले समूहको नामावली र मनोनयन पत्र दर्ता गर्नुपर्नेछ । निर्वाचनमा उम्मेदवार हुन तोकिएको उमेर हद नाघेका र योग्यता नपुगेका उम्मेदवारको उम्मेदवारी स्वतः बदर भएको मानिनेछ ।

**ग**) स्व.वि.प. को चुनावको प्रयोजनको लागि संघ, सङ्गठन, संयुक्त प्यानल वा समूहको उम्मेदवारको रूपमा भाग लिने विद्याथी सङ्गठनले निर्वाचन अधिकृतसमक्ष आफ्नो संघ, सङ्गठन, संयुक्त प्यानलको आधिकारिक हस्ताक्षर सहितको सिफारिस पत्र पेस गर्नुपर्नेछ । संघ सङ्गठनको हकमा कलेज इकाइ समितिको अध्यक्ष/सभापति, संयुक्त प्यानल र समूहको हकमा संयोजक/प्रमुख/अध्यक्षको पत्रलाई आधिकारिक मानिने छ । यसमा विवाद उत्पन्न भएको खण्डमा सम्बन्धित विद्यार्थी संघ, सङ्गठनको केन्द्रीय अध्यक्ष/सभापति/संयोजक/प्रमुखको सिफारिसलाई आधिकारिक मानिनेछ ।

**घ**) छुट्टाछुट्टै सङ्गठन दर्ता भएकाले उम्मेदवारी दिँदा संयुक्त प्यानलको नाममा उम्मेदबारी दिन पाउने छन् । एउटै नाम भएका सङ्गठनहरू भएमा त्यस्ता सङ्गठनका आधिकारिक अध्यक्ष/सभापति/संयोजक/प्रमुखहरूसँग छलफल गरी त्यस्ता सङ्गठनको पहिचान दिन अध्यक्षको समूह वा पार्टीको भातृ सङ्गठन भएमा सङ्गठनको पहिचानका लागि पार्टीको सङ्केतीकरण निर्वाचन अधिकृतले गर्न सक्नेछन् ।

**ङ**) उम्मेदवारी दर्ता गर्ने अन्तिम दिन २८ वर्ष ननाघेको र मतदाता सूचिमा नाम भएको व्यक्तिले स्व.वि.प. कार्य समितिको कुनै एक पदको (पदाधिकारी वा सदस्यको) लागि मात्रै उम्मेदवारी दिन सक्नेछन् ।

**च**) मनोनयन दर्ता गर्नका लागि कलेजले तोकेको मनोनयन फाराम प्रयोग गर्नुपर्नेछ ।

HIMALAYA COLLEGE OF ENGINEERING
Kathmandu

छ) समानुपातिकतर्फको सदस्य पदको उम्मेदवारको नामावली संघ, संगठन वा समूहले शिलवन्दी खाममा तोकिएबमोजिम संख्यामा मात्र निर्वाचन समिति समक्ष तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ । एक पटक बुझाई सकेपछि उक्त शिलवन्दी खाममा कुनै हेर फेर गर्न पाइने छैन । समानुपातिकतर्फका उम्मेदवारहरूको नामावलीमा पनि प्रत्यक्षतर्फका उम्मेदवारको जस्तै अन्तिम नामावली प्रकाशन गर्नुपर्नेछ । समानुपातिक सदस्यको नामावली पेस गर्दा स्व.वि.प. मा जति संख्या सदस्यहरु रहने हो अधिकतम त्यति नै संख्यामा सदस्यहरूको नामावली पेश गर्नसक्ने छन् ।

ज) प्रत्यक्ष तर्फका उम्मेदवार भएका व्यक्तिले समानुपातिकतर्फ उम्मेदवार हुन पाउने छैन । प्रत्यक्ष तर्फका उम्मेदवारको नाम समानुपातिक तर्फबाट समावेश भएको पाइएमा, उमेरको हद काटेमा वा मतदाता सूचीमा नाम नभएको पाइएमा निर्वाचन समितिले समानुपातिक तर्फबाट नाम हटाई बाँकी सदस्यहरूको नाम मात्र कायम गर्नेछ ।

झ) प्रत्येक मनोनयन पत्रमा १ जना प्रस्तावक र १ जना समर्थकको हस्ताक्षर गरी सक्कलै परिचय पत्र समेत राखी पेश गर्नुपर्नेछ । प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेदवार हुने विद्यार्थीहरूले उमेर खुलेको नागरिकता वा शैक्षिक प्रमाणपत्रको सक्कल र प्रतिलिपिसमेत निर्वाचन समितिमा पेस गरी त्यसको प्रतिलिपि निर्वाचन अधिकृतले प्रमाणित गरी रेकर्ड राख्ने र प्रमाणपत्र रुजु गरी सक्कल प्रति सम्बन्धितलाई फिर्ता दिनुपर्नेछ ।

ञ) कुनै एउटा पदको १ जना उम्मेदवारको प्रस्तावक वा समर्थक भइसकेको व्यक्ति सोही पदको अन्य उम्मेदवारको प्रस्तावक वा समर्थकका रुपमा बस्न पाइने छैन । तर सदस्यहरूको हकमा भने जति जना प्रत्यक्ष प्रणालीबाट निर्वाचन हुनुपर्ने हो, त्यति नै जनाको प्रस्तावक वा समर्थक बस्न पाइनेछ ।

ट) जुन पदमा आफूले उम्मेदवारी दिएको छ सोही पदमा अन्य उम्मेदवारको समर्थक वा प्रस्तावक हुन पाइने छैन । त्यसरी समर्थक वा प्रस्तावक भएको पाइएमा दुबैको उम्मेदवारी रद्द हुनेछ ।

ठ). निर्वाचनमा कुनै संघ, सङ्गठन वा समूहले समानुपातिकतर्फ मात्र पनि निर्वाचनमा सहभागी हुन सक्नेछन् ।

## ६. मतपत्र सम्बन्धी व्यवस्थाः

क. निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिकतर्फको लागि अलग अलग मतपत्र हुनेछ र समानुपातिक मतपत्रमा संघ, सङ्गठन वा समूहको नाम राखिनेछ । प्रत्यक्षतर्फका मतपत्रमा संघ, सङ्गठन वा समूह र उम्मेदवारको नाम राखिने छ ।

ख. मतपत्रमा निर्वाचन समितिका संयोजक र मतदान अधिकृत दुबैको हस्ताक्षर अनिवार्य रुपमा हुनुपर्ने छ । तर इलेक्ट्रोनिक मेसिनबाट मतदान गर्ने व्यवस्था भएमा भने त्यसको आवश्यकता पर्ने छैन ।

## ७. मतदान सम्बन्धी व्यवस्था :

क. मतदाता नामावलीमा नाम भएका मतदाताले, निर्वाचन समितिले तोकेको निर्धारित मिति, समय र स्थानमा गई कलेजको परिचय पत्र देखाई मतदान गर्नुपर्नेछ ।

ख. मतदान गर्नु पूर्व उम्मेदवारको एजेन्टहरू राख्ने आधारहरू बनाई निर्वाचनका लागि एजेन्ट राख्न सकिनेछ ।

HIMALAYA COLLEGE OF ENGINEERING
Kathmandu

## ८. मतगणना सम्बन्धी व्यवस्थाः

**क.** निर्वाचन समितिले मतदान सम्पन्न भएपछि मतगणनाको मिति र समय तोकेर सूचना प्रकाशित गर्नुपर्नेछ ।

**ख.** मतगणना गर्नु पूर्व उम्मेदवारको एजेन्टहरू राख्ने आधारहरू बनाई मतगणनाका लागि एजेन्ट राख्न सकिनेछ ।

**ग.** मतदान सकिनासाथ, मत गणनाको कार्य यथाशक्य चाँडो प्रारम्भ गर्नुपर्नेछ र नतीजा प्रकाशन गर्नुपर्नेछ ।

**घ.** प्रत्यक्ष निर्वाचनतर्फको मतगणनामा मत बराबर भएमा गोलाप्रथाबाट निर्णय गरिनेछ । समानुपातिक तर्फ खसेको सदर मतलाई समानुपातिक तर्फ निर्वाचित हुने सदस्य संख्याले भाग गरी आएको भागफललाई निर्वाचित हुने मत कोटा मानिनेछ । यो मत कोटाको अनुपातमा संघ, संगठन वा समूहको सदस्य निर्वाचित हुने छन् । निर्वाचित हुने आवश्यक संख्या पूरा नभएमा अधिकतम शेषफलको क्रमअनुसार निर्वाचित हुने सदस्य संख्या वितरण गरिनेछ ।

उदाहरणको लागिः

कुनै निर्वाचनमा उम्मेदवारी दिएका संघ/संगठन/समूह संख्या जम्मा ३ मात्र (क, ख र ग)

जम्मा समानुपातिकको सदर मत संख्या = ६८०

समानुपातिकतर्फबाट निर्वाचित हुने सदस्य संख्या = ५

एक सदस्य बराबर मत कोटा = १३६

| | समूह क | समूह ख | समूह ग |
|---|---|---|---|
| प्राप्त मत | २१० | २४० | १९० |
| भागफल | १ | १ | १ |
| शेष | ७४ | १०४ | ५४ |
| | १ | १ | ० |

**ङ.** उपाध्यक्ष पद १ र सहसचिव पद १ मा निर्वाचन गर्दा प्रत्यक्ष तर्फबाट निर्वाचित पदाधिकारीहरु तथा सदस्यहरु र समानुपातिक तर्फबाट निर्वाचित भएका सदस्यहरु सहितको स्व.वि.प. कार्य समितिले समानुपातिकबाट आएका सदस्यहरु मध्येबाट सर्वसम्मत वा बहुमतको आधारमा निर्वाचित गर्नेछ । यस कलेजको लागि १९ सदस्यीय स्व.वि.प. कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र ७ जना सदस्य प्रत्यक्षबाट आउनेछन् भने ९ जना समानुपातिक सदस्यहरु मध्येबाट उपाध्यक्ष पदमा १ जना, सह सचिव पदमा १ जना र बाकी ७ जना सदस्य पदमा चुनिनेछन् ।

**च.** मत गणना सम्पन्न भएको ७ दिन भित्रमा निर्वाचनमा समानुपातिक तर्फ संघ, संगठनले प्राप्त गरेको मतको आधारमा सदस्यमा निर्वाचित हुने संख्या तोकी संघ, संगठनले पेश गरेको शिलवन्दी सूचि

HIMALAYA COLLEGE OF ENGINEERING Kathmandu

भित्रका नाममध्येबाट संघ, संगठनबाट सिफारिस सहितको नाम मागि निर्वाचित भएको घोषणा गर्नु पर्नेछ । सात दिनभित्र नाम सिफारिस भई नआएमा निर्वाचन समितिले संघ, सङ्गठन वा समूहले पेस गरेको सूचीको क्रम संख्याको क्रमाङ्क १ बाट क्रमशः सदस्य छनोट गरि सदस्यको नाम प्रकाशन गर्नेछ र बाँकी पदाधिकारीको पनि निर्वाचन गराउनु पर्नेछ ।

**छ.** मतगणना सकिना साथ विजयी उम्मेदवारहरूले पाएको मतको संख्या र समानुपातिक तर्फ प्राप्त सिट संख्या समेत उल्लेख गरी परिणाम घोषणा गर्नुपर्नेछ ।

**ज.** समानुपातिक सदस्य मध्येबाट उप-सभापति र सह-सचिव पद, निर्वाचन पछिको पहिलो बैठकको बहुमतबाट निर्वाचित भैसकेपछि अविश्वास प्रस्ताव राख्न पाइने छैन । पदावदी समाप्त भएको, राजिनामा दिएको वा अन्य नियमले पदावदी समाप्त भएको वाहेकमा पद कायम रहनेछ ।

**झ.** निर्वाचन परिणामको विस्तृत विवरण प्राप्त मत संख्या संघ, संगठन समेत खुल्ने गरी कलेज प्रमुखमार्फत कलेज व्यवस्थापन समितिलाई बुझाउनुपर्ने छ ।

## ९. निर्वाचन आचारसंहिताः

निर्वाचन स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गर्न देहायका कुराहरूका अनिवार्य रुपमा पालना गर्नुपर्ने छ :

- कलेजको कम्पाउण्ड वालको बाहिर पट्टी, भित्र पट्टी र कलेज परिसरमा वाल पेन्टिङ र Land Painting गर्न तथा निर्वाचन सम्बन्धी तुल, फ्लेक्स र कुनै पनि प्रकारको पोस्टर टाँस्न पाइने छैन ।
- कलेजलाई हानि नोक्सानी हुने कुनै प्रकारको प्रचार प्रसार तथा अन्य गतिविधि गर्न पाइने छैन ।
- प्रत्येक संघ, संगठन र स्वतन्त्र उम्मेदवारले आफ्नो निर्वाचन घोषणा पत्र र उम्मेदवारको नामावलीको A4 साइजको एक रंग भएको पर्चा मात्रै प्रचार प्रसार गर्न पाइने छ ।
- कलेज हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचार प्रसार गर्न पाइने छैन ।
- बन्देज गरिएका उपरोक्त कार्य कसैले गरेको पाइएमा तुरुन्तै हटाउन लगाउनुपर्नेछ । नहटाइएको पाइएमा कलेज प्रशासनले हटाउने छ ।
- कलेजको निर्वाचन समितिमा दर्ता भएका संघ, सङ्गठन वा स्वतन्त्र उम्मेदवारहरूलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम निर्वाचन समितिले सञ्चालन गर्न सक्नेछ । उक्त कार्यक्रममा एक अर्काप्रति आक्षेप वा आरोप लगाउने वाक्यहरू बोल्न पाइने छैन ।
- विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द हड्ताल गर्न पाइने छैन ।
- मतदान हुनुभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको प्रचार प्रसार गर्न पाइने छैन ।
- कलेज हाताभित्र कुनै पनि विद्यार्थी संघ/संगठनको प्रसार हुने खालको टिसर्ट, टोपी, ब्याच आदि लगाएर प्रवेश गर्न पाइने छैन ।
- कलेज हाताभित्र प्रवेश गर्दा अनिवार्य रुपमा परिचय पत्र साथमा हुनुपर्नेछ । परिचय पत्र नभएका विद्यार्थीहरुले मिति २०८१/११/२८ गते सम्ममा अनिवार्य रुपमा परिचय पत्र बनाउनु पर्नेछ । साथै मतदानको दिन परिचय पत्र नभएका विद्यार्थीले मतदान गर्न पाउने छैनन् ।

HIMALAYA COLLEGE OF ENGINEERING

- कलेज हाताभित्र धुम्रपान, मद्यपान एंव नशालुपदार्थ खाई प्रवेश गर्न पूर्ण रुपमा निषेध गरिएको छ ।
- कलेज हाताभित्र कुनै पनि किसिमको हात हतियार लिई प्रवेश गर्न पूर्ण रुपमा बन्देज गरिएको छ ।
- चुनावको प्रचार प्रसारको सिलसिलामा कुनै पनि व्यक्ति संघ संगठन वा समुहवाट विद्यार्थीहरुलाई प्रलोभनमा पार्ने, डर त्रास धाक धम्कि एंव आर्थिक प्रलोभन देखाई आफ्नो प्रभावमा पार्न खोज्ने, अनावश्यक हो-हल्ला वा अफवाह फैलाउने कार्य गर्न पाइनेछैन ।
- मिति २०८१/१२/०३ र ०४ गते कलेजमा विद्यार्थीसंग सम्वन्धित सम्पूर्ण शैक्षिक एवंम प्रशासनिक कार्य वन्द गरी विद्यार्थी प्रवेशमा रोक लगाइने छ ।
- मिति २०८१/१२/०५ गते निर्वाचनको दिन सम्पूर्ण शैक्षिक एवंम प्रशासनिक कार्यहरु वन्द रहनेछन् ।
- निर्वाचन कार्यक्रम तालिका बमोजिम तोकिएको समयको लागि निर्वाचन कार्यालय भित्र राखिएको भित्ते घडीको समयलाई मात्र मान्यता दिइनेछ ।
- निर्वाचनको दिन शान्ति सुरक्षाको प्रत्याभुति गराउन सम्पूर्ण शिक्षक कर्मचारी तथा विद्यार्थीहरुलाई ID Card (परिचय पत्र) को व्यवस्था गरिने छ । विना परिचय पत्र कलेज हाताभित्र प्रवेष निषेध गरिनेछ ।
- मिति २०८१/११/२८ गते उम्मेदवार मनोनयन पत्र वितरणका दिन र २०८१/१२/०५ गते निर्वाचनको दिन कलेजको उत्तरतर्फको ढोका पूर्णरुपमा बन्द गरिने छ र कलेजको मुल गेट मात्र प्रयोग गरिने छ ।
- मतदान गर्न आउने विद्यार्थीले झोला, लेडिज ब्याग, आदि मतदान केन्द्र वरपर ल्याउन पाउने छैन । मतदान गर्न बुथमा प्रवेश गर्दा मोवाइल, क्यामरा, IPAD, लगायतका इलेक्ट्रोनिक्स उपकरणहरु लैजान पाइने छैन । आवश्यक परेमा निर्वाचन समिति वा निजले खटाएको कर्मचारीले मतदाताको शरीर जाँच गर्न सक्नेछन् ।
- माथि उल्लेखित गरिएका आचार संहितामा तोकिए बाहेक पनि कलेज व्यवस्थापन समिति र स्व.वि.प. निर्वाचन कार्य समितिले थप आचारसंहिता तोक्न सक्नेछ। सो आचारसंहिता सबैले पालना गर्नु पर्नेछ ।

## १०. निर्वाचन सम्पन्न गर्न कलेजले गर्नुपर्ने कार्यहरू:

**क**. निर्वाचन सम्पन्न गर्नको लागि निर्वाचन व्यवस्थापन सम्बन्धी सबै कार्य कलेजले गर्नुपर्नेछ। सो कार्यका लागि कलेजले तोकेको जिम्मेवारी वहन गर्नु सबै शिक्षक र कर्मचारीको कर्तव्य र जिम्मेवारी हुनेछ । निर्वाचनमा सहयोग नगर्ने शिक्षक तथा कर्मचारीलाई आवश्यक कार्वाहीको लागि निर्वाचन समितिले कलेज प्रमुख समक्ष लेखि पठाउन सक्नेछ ।

**ख**. यस निर्देशिका बमोजिम वा निर्वाचन समितिले तोकेको आचारसंहिता बमोजिम बन्देज गरिएका कार्य कसैले गरेको पाइएमा तुरुन्तै रोक्न वा हटाउने, लगाउनुपर्नेछ ।

**ग**. निर्वाचन कार्यतालिका प्रकाशित भई निर्वाचन प्रकृया अघि बढेको दिनदेखि कलेजको प्राज्ञिक कार्य बाहेक निर्वाचनलाई प्रभाव पार्ने खालका गतिविधिमा रोक लगाउनु पर्नेछ ।

**घ**. कलेजले शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन स्थानीय प्रशासनसँग समन्वय गरी आवश्यक कार्य गर्ने, गराउने छ ।

**ङ**. निर्वाचन शान्तिपूर्ण ढङ्गले सञ्चालन गर्न कलेजले निर्देशिका पूर्ण रुपमा पालना गर्ने र गर्न लगाउनुपर्ने छ । स्व.वि.प. निर्वाचनको कुनै कुरामा अस्पष्टता भएमा कलेज व्यवस्थापन समितिसँग समन्वय गर्न सकिनेछ ।

**च**. निर्धारित मितिमा कुनै कारणवश स्व.वि.प. निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न हुन नसक्ने अवस्था सृजना भएमा स्व.वि.प. निर्वाचन समितिको सिफारिसमा कलेज प्रमुखले निर्वाचन स्थगन गरी कुनै मिति तोकेर रोकिएको चरणबाट अगाडि बढाई निर्वाचन गराउन सकिने छ ।

## ११. बाधा अड्काउ फुकाउने अधिकार, खारेजी र बचाउः

**क**. यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार कलेज व्यवस्थापन समितिलाई हुनेछ ।

**ख**. स्व.वि.प. निर्वाचन कार्यक्रमले कलेजका प्राज्ञिक कार्य, नियमित परीक्षाहरू र प्रवेश परीक्षाहरु सञ्चालनमा कुनै वाधा पर्नेछैन ।

**ग**. कलेजको स्व.वि.प. निर्वाचन २०८१ सम्पन्न भएको वा नभएको दुबै अवस्थामा २०७९ मा निर्वाचित स्व.वि.प. कार्य समितिको कार्यकाल २०८१ चैत्र ४ गतेदेखि स्वतः समाप्त भएको मानिनेछ ।

**घ**. स्व.वि.प. निर्वाचनको आचारसंहिता सम्बन्धी निर्देशिका, २०७९ खारेज गरिएको छ । यस अघि सो निर्देशिकाबमोजिम भए गरेका कामहरू यसै निर्देशिका वमोजम भए गरेको मानिनेछ ।

**यो आचार संहिता सम्बन्धित निर्णयमा हस्ताक्षर भएपछि (मिति तोकिएका बुदाँहरु स्वतः लागुहुने गरि) आचार संहिता स्वतः लागु हुने छ । निर्वाचन समितिले यस विपरित गतिविधि हरुमा बन्देज लगाउने छ र विपरित भएको ठहर भएमा कलेज प्रशासनले कार्वाहीको प्रक्रिया अगाडि वढाउने छ ।**

**स्वतन्त्र विद्यार्थी परिषद् निर्वाचन समिति -२०८१ को तर्फबाट**

ई. अशोक जि.एम. - संयोजक

**स्वतन्त्र विद्यार्थी परिषद्को तर्फबाट**

श्री अभिषेक थापा - सभापति, स्वतन्त्र विद्यार्थी परिषद् -२०७९

**श्री सत्यम चौधरी, अध्यक्ष,** अखिल (क्रान्तिकारी), HCOE

**श्री प्रतिक राज भट्ट, सभापति,** ने.बि.संघ, कलेज मुल इकाई कमिटी, HCOE

**श्री डेनी बि.क., अध्यक्ष,** अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) HCOE

HIMALAYA COLLEGE OF ENGINEERING Kathmandu